# नेपाल स्काउट
## राष्ट्रिय प्रधान कार्यालय

# NEPAL SCOUTS
## National Headquarters


पत्र संख्या : ०७६/०७७
चलानी नं : १०६

मिति: २०७६।०६।२४

श्री नेपाल स्काउट
जिल्ला स्काउट कार्यालय

............................ ।

विषय: **नाम सिफारिस गरि पठाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल स्काउट महिला विभागलाई एशिया प्रशान्त क्षेत्रले प्रदान गर्दै आएको Asia Pacific Leadership Award अन्तर्गत Asia Pacific Leadership Award for Troop/Unit Leaders र Asia Pacific Leadership Award for District leaders यस वर्ष पनि प्रदान गर्ने भएको हुनाले त्यस जिल्लाबाट तपसिल विवरण बमोजिम योग्यता पुरा गरेका महिला स्काउटरहरुको नामावली यहि **२०७६ मंसिर १ गते** भित्र अनिवार्य यस कार्यालयमा सिफारिस गरि पठाउन हुन अनुरोध गर्दछु ।

**Asia Pacific Leadership Award for Troop/Unit Leaders लीग योग्यता**

१. आर्थिक वर्ष ०७५/०७६ सम्म निरन्तर रुपमा युनिटमा रही काम गरको र नविकरण भैरहेको हुन पर्नेछ ।
२. पि.टि.सि र एडभान्स तालिमको प्रमाणपत्र को फोटोकपि पेश गर्नु पर्नेछ । साथै कम्तिमा ५ वर्षसम्म निरन्तर युनिट/जिल्लामा रही काम गरेको हुनु पर्नेछ ।
३. जिल्ला स्तरमा शैक्षिक/स्काउट क्षेत्रबाट पदक वा पुरस्कारहरु प्राप्त गरेको भए सो को फोटो पेश गर्नु पर्ने छ ।
४. स्थानिय स्तरमा स्काउटिङ्ग विकासका लागि सहयोग पुऱ्याई रहेको हुनु पर्नेछ ।
५. नेपाल स्काउटद्वारा आयोजित WAGGGS को कार्यक्रममा सहभागी भएको हुनुपर्नेछ ।

**Asia Pacific Leadership Award for District leaders लागि योग्यता**

१. आर्थिक वर्ष ०७५/०७६ सम्म निरन्तर रुपमा युनिटमा रही काम गरको र नविकरण भैरहेको हुन पर्नेछ ।
२. पि.टि.सि र एड्भान्स तालिमको प्रमाण पत्र को फोटोकपि पेश गर्नु पर्नेछ । साथै कम्तिमा ५ वर्षसम्म निरन्तर युनिट/जिल्लामा रही काम गरेको हुनु पर्नेछ ।
३. जिल्ला तथा राष्ट्रिय स्तरबाट शैक्षिक/स्काउट क्षेत्रमा पदक वा पुरस्कारहरु प्राप्त गरेको भए सो को फोटो कपी गर्नु पर्ने छ ।
४. जिल्लामा स्काउटिङ्ग विकासका लागि सहयोग पुऱ्याइ रहेको हुनु पर्नेछ ।
५. नेपाल स्काउटद्वारा आयोजित WAGGGS का कार्यक्रममा सहभागी भएको हुनु पर्नेछ ।

तसर्थ त्यस जिल्ला बाट Asia Pacific Leadership Award for Troop/Unit Leaders का लागि **४ जना** र Asia Pacific Leadership Award for District leaders का लागि **१ जना** महिला स्काउट मास्टर (जम्मा ५ जना) को नाम छनौट गरि यस नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा सिफारिस पत्र (चिठी वा email: info@nepalscouts.org) पठाउन हुन अनुरोध गर्दछु । अन्य जानकारीका लागि यस ने.स्का.रा.प्र.का को फोन वा इमेल मार्फत सम्पर्क गर्नु होला ।

2065/05/28

**(रामप्रसाद भट्टराई)**
निर्देशक


P.O. Box: 1037, Lainchaur, Kathmandu, Nepal, Phone : 4425762, 4419001, 4419097
Fax: 977-1-4413369, E-mail: info@nepalscouts.org, Website: www.nepalscouts.org